आज मिति २०८२ चैत्र २३ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | रमेश श्रेष्ठ | नगर सचिव | कोल्हवी १ | |

तावहरु:

१. एंम्बुलेन्स मर्मत गरी संचालन गर्ने सम्वन्धमा ।

२. कृषि हाट बजार पूर्वाधार हालको अवस्था र थप पूर्वाधार निर्माण सम्वन्धमा ।

३. एक पालिका एक चिस्यान केन्द्र आवश्यकता र सम्भाव्यता सम्वन्धमा ।

४. रकमान्तर गर्ने सम्वन्धमा ।

५. कोल्हवी बजार क्षेत्रको नाला सरसफाइ गर्ने सम्वन्धमा ।

६. तराई मधेश समृद्धि कार्यक्रमका लागि आयोजना/कार्यक्रम छनौट सम्वन्धमा ।

७. सामुदायिक विद्यालय समायोजन गर्ने सम्वन्धमा ।

८. आर्थिक सहयोग सम्वन्धमा ।

९. प्रसौना बजारमा अस्थायी प्रहरी पोष्ट स्थापना सम्वन्धमा ।

निर्णयहरु :

प्रस्ताव नं १ माथि छलफल गर्दा : यस कोल्हवी नगरपालिका अन्तरगत संचालनमा रहेको बा १ झ ८६८२ नम्वरको एम्वुलेन्स संचालन भएको १० वर्ष पुरा भई सकेको तथा स्वास्थ्य सेवा विभागको नियमानुसार सरकारी एम्बुलेन्स १० वर्ष पुरा भए पश्चात नविकरण नहुने व्यवस्था भए बमोजिम उक्त एम्वुलेन्स नविकरण फेल भएको छ । नगरपालिका अन्तरगत वर्थिङ्ग सेन्टरमा सुत्केरी हुने सुत्केरीहरुलाई निःशुल्क ल्याउने लैजाने व्यवस्था समेत संचालन हुन नसक्ने अवस्था सिर्जना भएकोले अर्को एम्वुलेन्सको व्यवस्था नहुदाँ सम्म सोहि एम्वुलेन्स मर्मत गरी संचालन गर्ने तथा नयाँ एम्वुलेन्स खरिदका लागि आवश्यक प्रकृया वढाउने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौको च.न. यो.व.का./५१८, मिति २०८२।१२।१७ गतेको पत्रानुसार प्रत्येक पालिकामा साप्ताहिक कृषि हाट बजार नियमित संचालनका लागि कृषि हाट बजारको हालको अवस्था, थप पूर्वाधार निर्माण गर्नुपर्ने अवश्यकता एवं सम्भाव्यता सम्वन्धि तपसिल बमोजिमको विवरण मागँ भइ आएको हुदाँ तपसिल बमोजिमको विवरण स्वीकृत गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स | विवरण | |
|---|---|---|
| १ | हाल स्थानीय रहेको कृषि हाटवजारको संख्या | ७(सात) |
| २ | कृषि हाटवजार संचालन हुने दिन/बार | हप्तको दुई दिन |
| ३ | हालको कृषि हाटवजार पूर्वाधारको अवस्था (स्टलसंख्या र अन्य पूर्वाधारको अवस्था) | नरहेको |
| ४ | नयाँ कृषि हाटवजार संचालन गर्न आवश्यक भएमा के कति वटा कृषि हाट बजार निर्माण/ सन्चालन आवश्यक रहेको | ६(छ) |

| | | |
|---|---|---|
| ५ | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्ध भए/नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/ लालपूर्जाको अवस्था | सार्वजनिक/एलानी |
| ६ | कृषि हाटबजार निर्माण गर्नका लागि जग्गा उपलब्ध हुने जग्गाको क्षेत्रफल (कट्ठा/रोपनी) | हाटबजार निर्माण ठाउँमा २देखि ३ कट्ठ जग्गा उपलब्ध भएको (जम्मा १८कट्ठ) |
| ७ | कृषि हाटबजार स्थापना हुने स्थालमा विधुत, सडक/ यातायात लगायतको आधारभुत सेवा सुविधाको आवस्थ रहेको/नरहेको | रहेको |
| ८ | कृषि हाटबजार पूर्वाधार निर्माणका लागि आवश्यक अनुमाणित लागत रकम रु. | ३ करोड |
| ९ | कृषि हाटबजार निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५०% लागत साझेदारी हुने सुनिश्चतता रहे/नरहेको | नरहेको |

३. **प्रस्ताव नं ३ माथि छलफल गर्दा :** कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौको च.न. यो.ब.का./५१९, मिति २०८२।१२।१७ गतेको पत्रानुसार एक पालिका एक चिस्यान केन्द्र कार्यक्रम प्रारम्भ गर्नका लागि चिस्यान केन्द्र निर्माणको अवश्यकता एवं सम्भाव्यता सम्वन्धि तपसिल बमोजिमको विवरण मागँ भइ आएको हुदाँ तपसिल बमोजिमको विवरण स्वीकृत गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स | विवरण | |
|---|---|---|
| १ | हाल स्थानीय तहमा चिस्यान केन्द्र उपलब्ध रहे/नरहेको | नरहेको |
| २ | सम्बन्धित स्थानीय तहमा चिस्यान केन्द्र स्थापना गर्न आवश्यक हो वा होइन, | हो |
| | चिस्यान केन्द्र स्थापना आवश्यक रहेको सन्दर्भमा | |
| ३ | स्थापना गरिने चिस्यान केन्द्रको अनुमानित क्षमता(मे.टन) | ४५००(मे.टन) |
| ४ | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्ध भए/नभएको र सम्भावित जग्गाको स्वामित्व लालपूर्जाको अवस्था (सरकारी वा निजी) | भएको |
| ५ | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने क्षेत्रफल (कट्ठा/रिपनी | २० कट्ठा |
| ६ | चिस्यान केन्द्र निर्माण हुने स्थलमा सडक/यातायात सुविधा भएको/ नभएको | भएको |
| ७ | चिस्यान केन्द्र संचालनका लागि विधुत सेवा उपलब्ध भएको/नभएको | भएको |
| ८ | चिस्यान केन्द्र निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रू. | ४करोड |
| ९ | स्थानीय तह आफैले निर्माण गर्न सन्दर्भमा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५०% लागत साझेदारी हुने सुनिश्चतता रहे/नरहेको | नरहेको |
| १० | निझि क्षेत्र/सहकारीबाट निर्माण/संचालन हुने चिस्यान केन्द्रका हकमा निझि क्षेत्र/सहकारीबाट ५०% लागत साझेदारी हुन सक्ने/नसक्ने | नसक्ने |

| | | |
|---|---|---|
| ११ | चिस्यान केन्द्रमा भण्डार गरिने स्थानीय कृषि बाली/बस्तुहरुको विवरण तथा अनुमानित परिमाण (मे.टन) | ४७००(मे.टन) |

४. **प्रस्ताव नं ४ माथि छलफल गर्दा :** कोल्हवी नगरपालिकाको आ.व. २०८२/८३ को वडागत योजना/कार्यक्रम तर्फ वडा नं. ७ को स्वीकृत क्र.स. २८३ मा रहेको अधुरो सार्वजानिक भवन फिनिसिङ्ग अंसारी चौक घोधरपा शिर्षकमा विनियोजित (आन्तरिक स्रोत) बजेट रु. ६०००००/- (छ लाख मात्र) बाट रु. २०००००/- (दुई लाख मात्र) क्र.स. २८४ मा रहेको अधुरो सार्वजानिक भवन निर्माण, पूर्वारीटोल घोधरपा शिर्षकमा विनियोजित (आन्तरिक स्रोत) बजेट रु. ६०००००/- (छ लाख मात्र) मा थप गरी रु. ८०००००/- (आठ लाख मात्र) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम स्रोतको रकमान्तर गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं ५ माथि छलफल गर्दा :** कोल्हवी वजार क्षेत्रको नालाहरु विभिन्न कारणले ठाँउ ठाँउमा जाम भई पानिको निकास रोकिएको हुदाँ सो सम्वन्धी सरसफाइ गर्ने व्यक्तिहरुलाई आर्थिक विकास शाखा मार्फत दैनिक डोरहाजिरीमा काममा लगाई नाला सरसफाइ गर्ने साथै सबै वडाहरुमा आवश्यकता अनुसार सरसफाइ कार्य अगाडी वढाउने निर्णय गरियो ।

६. **प्रस्ताव नं ६ माथि छलफल गर्दा :** तराई मधेश समृद्धि कार्यक्रम अन्तरगत आगामी आ.व. २०८३/८४ को लागि आयोजना/कार्यक्रमको प्रस्तावना पेश गर्न सूचना भए बमोजिम यस नगरपालिका अन्तरगत तपसिलका आयोजना/कार्यक्रमहरु प्राथमिकिकरण सहित स्वीकृत गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आयोजना/कार्यक्रमको नाम र ठेगाना |
|---|---|
| १ | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, सपहीको अधुरो छात्रावास निर्माण |
| २ | अधनवा देखि कुमरगढी हुदै थलिकट्टी सम्म सडक कालोपत्रे, कोल्हवी न.पा. ६ र ३ |
| ३ | लालवकैया खोला देखि टागियावस्ती हुदै ककडी सिचाई र कल्भर्ट निर्माण |
| ४ | बगेवा देखि पिपरिया सडक कालोपत्रे, कोल्हवी २ |

७. **प्रस्ताव नं ७ माथि छलफल गर्दा :** यस कोल्हवी नगरपालिका अन्तरगत संचालनमा रहेको तपसिलका विद्यालयहरुमा विधार्थी संख्या न्यून रहेको तथा शिक्षक सरुवा मिलान समेत भई सकेको हुदाँ उक्त विद्यालयहरुलाई तपसिल बमोजिमका विद्यालयहरुमा समायोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | समायोजनमा जाने विद्यालयको विवरण | समायोजन भई कायम हुने विद्यालयको विवरण |
|---|---|---|

| | | |
|---|---|---|
| १ | श्री ने.रा.आ.वि. कोल्हवी १ वभनी (३३०५६०००६) | श्री अनुप दिपनी मा.वि. कोल्हवी १, कोल्हवी () |
| २ | श्री प्रगति ने.रा.आ.वि. कोल्हवी १,पिपरिया (३३०५६०००७) | श्री ने.रा.आ.वि. कोल्हवी न.पा. २, झुरझुर |

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा : विभिन्न मितिमा यस नगरपालिकामा पेश भएका आर्थिक सहयोगका निवेदनका सम्वन्धमा तपसिल बमोजिम निवेदकलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स. | निवेदकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भागरित मुखिया | कोल्हवी ७ | ५०००/- | काजक्रिया खर्च |
| २ | इमृत महरा चमार | कोल्हवी २ | ५०००/- | उपचार खर्च |
| ३ | रामविलास महत्तो | कोल्हवी ९ | ५०००/- | काजक्रिया खर्च |
| ४ | दुर्गा चौधरी | कोल्हवी ५ | ५०००/- | उपचार खर्च |
| ५ | मुक्ति चौधरी | कोल्हवी ५ | ५०००/- | उपचार खर्च |
| ६ | | कोल्हवी २ | ५०००/- | उपचार खर्च |

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा : कोल्हवी नगरपालिका वडा नं. ६ प्रसौना बजार क्षेत्रको शान्ति, सुरक्षा व्यवस्थापनका लागि अस्थायी प्रहरी पोष्ट स्थापनाका लागि सम्वन्धित निकायमा माँग गर्ने निर्णय गरियो ।

CamScanner